आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. ०८१/०८२
च.नं.

मितिः२०८१/१०/२७

श्री सबै वडा कार्यालयहरु ।
आमाछोदिङमो गाउँपालिका
रसुवा

विषयः बेरोजगार फाराम भर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.ब. २०८२/०८३ को लागि न्युनतम १०० दिन को रोजगारीमा संलग्न भई सार्वजानिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिले २०८१ फागुन १ गते देखि फागुन ३० गते भित्र आफ्नो स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोगार व्यक्तिहरुको सूचिमा सूचिकृत हुन आनुरोध गरिन्छ ।

यस प्रकृया बमोजिम ताँहा वडा कार्यालयमा परेका निवेदनहरु मध्येबाट देहाय बमोजिमका मापदण्ड अनुसार प्राथमिकताका तोकी वास्तविक बेरोजगार व्यक्तिहरुको आवेदन फारामहरु संकलन गरि २०८१ चैत ३ गते भित्र रोजगार सेवा केन्द्रमा पठाई दिनु हुन अनुरोध छ ।

**बेरोजगार छनौट मापदण्ड**

| | आवश्यक कागजपत्रहरु |
|---|---|
| ➢ कृषि उत्पादनले बर्षमा ३ महिना खाना नपुग्ने<br>➢ वसोवासको लागि आफ्नै घर नभएको परिवारका सदस्य<br>➢ एकल महिला घरमुली भएको परिवारको सदस्य<br>➢ दलित,अल्पसंख्यक वा लोपोन्मुख परिवारका सदस्य<br>➢ बार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारका सदस्य<br>➢ शहिद तथा वेपत्ता परिवारका सदस्य | १.आवेदन फाराम एक प्रति<br>२. पासपोर्ट साइज फोटो एक प्रति -१<br>३. परिवारको सम्पूर्ण सदस्यहरुको नागारीकताको फोटोकपि एक /एक प्रति (नागरिकता नभएको हकमा जन्मदर्ता बालबालिकाको<br>४. स्थायी ठेगानाको प्रमाण नभएकाहरुको हकमा बसाईसराई गरेको प्रमाणप्त्र वा बिवाह दर्ताको प्रमाणपत्र<br>**आवेदन फराममा भर्नु पर्ने विवरणहरु सबै अनिवार्य रुपमा भर्नुपर्ने ।** |

**नोटः बेरोगारी दर्ता फरामा** www.aamachhodingmo.gov.np बाट डाउनलोड गर्न सक्नुहुनेछ । वा वडा कार्यालयबाट प्राप्त गर्न सक्नुहुन्छ ।

बोधार्थ

➢ श्री सूचना प्रविधि शाखाः वेपसाइटमा अपलोड गर्नुहुन ।

गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner